मिति :- २०७९/१२/१४ गते

समय :- विहान ठीक ११:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको **१५ औं बैठक** नगर प्रमुख श्री पुष्प बादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

## मिति २०७९/१२/१४ गतेको नगर कार्यपालिको १५ औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव । | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने । | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने । | |
| ३ | जनता आवास कार्यक्रमका लागि लाभग्राही छनोट गरी पठाउने सम्बन्धी प्रस्ताव । | पूर्वाधार विकास कार्यालय, रुकुम (पश्चिम) को जनता आवास कार्यक्रममा आवद्ध गर्नका लागि वडा कार्यालयबाट प्राथमिकताको आधारमा छनोट गरी पठाएका लाभग्राहीहरूको विवरण स्वीकृत गरी उक्त लाभग्राहीहरूको स्वीकृत विवरण पूर्वाधार विकास कार्यालय, रुकुम (पश्चिम) मा लेखि पठाउने । | |
| ४ | आर्थिक वर्ष २०७९/०८० को साउनदेखि हालसम्मको आयव्यय सार्वजनिक गर्ने सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमअनुसार विनियोजन भएका विभिन्न कार्यक्रमहरू कार्यान्वयनका लागि प्राप्त आम्दानी र खर्चको विवरण अनुमोदन गरी सार्वजनिक गर्ने | |
| ५ | मृगौला, प्रत्यारोपण, डायलाइसिस, क्यान्सर र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधी उपचार खर्च सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिका अन्तर्गतका मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड, पक्षघातका बिरामीहरूले औषधी उपचार वापतको खर्च पाउन पेस गरेका निवेदनको आधारमा निजहरूलाई उपचार खर्च उपलब्ध गराउने । | |

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| ६ | साँस्कृतिक उत्सव मनाउने सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिका क्षेत्रभित्र रहेका कला संस्कृतिहरूको संरक्षण, सम्वर्धन र प्रवर्धन गर्न विभिन्न स्थानीय मौलिक नाचहरू प्रदर्शन गरी २०७९ चैत्र २४ को चौरजहारी नगरपालिका-६ ऐराकेमा सांस्कृतिक भव्यताका साथ उत्सव मनाउने। | |
| ७ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएका सुझाव छलफल गर्ने सम्बन्धी प्रस्ताव। | नीतिगत तथा कानूनी अधिकार, कार्यगत व्यवस्था तथा सञ्चालन भएका लक्षित कार्यक्रम (शिक्षा, स्वास्थ्य, क्षमता विकास), सार्वजनिक सेवा प्रवाह तथा पूर्वाधार विकास निर्माणका कार्यहरूसँग सम्बन्धित उजुरीहरूको छानविन, अनुसन्धान र तहकिकात गर्दा देखिएका विभिन्न सवालहरूलाई अध्ययन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिमको दिएका सुझावहरू अध्ययन गरी सोही सुझावको कार्यान्वयन गर्ने। | |
| ८ | अन्तरजातीय विवाह गर्ने जोडीलाई प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार चौरजहारी नगरपालिका क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्ने उमेर पुगेका जोडीहरूले अन्तरजातीय विवाह गरेमा रु. १ लाखसम्म प्रोत्साहन वापतको रकम उपलब्ध गराउने भनि बजेट विनियोजन भएकोले अन्तरजातीय विवाह गरी प्रोत्साहन रकमका लागि कागजात पेस गरेबमोजिम निजहरूलाई रु. १ लाख प्रोत्साहन रकम उपलब्ध गराउने। | |
| ९ | कर्णाली प्रदेश स्तरीय फुटबल रङ्गशाला निर्माणका लागि जग्गा | चौरजहारी नगरपालिका-२, रुकुम (पश्चिम) मा निर्माण हुने कर्णाली प्रदेश स्तरीय फुटबल | |

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | उपयोग सम्बन्धी प्रस्ताव | रङ्गशाला निर्माणका लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ४ बमोजिम कर्णाली प्रदेश स्तरीय फुटबल रङ्गशाला निर्माण, सञ्चालन तथा उपयोगका लागि उक्त कार्यनीतिको प्रक्रियाअनुसार सहमति प्रदानका लागि सम्बन्धित कार्यालयमा लेखी पठाउने । | |
| १० | सभाहल निर्माणका लागि जग्गा उपयोग र स्वामित्व सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका-२, रुकुम (पश्चिम) मा निर्माण हुने सभाहल निर्माणका लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ४ बमोजिम सभाहल निर्माण, सञ्चालन तथा उपयोग गर्ने उक्त कार्यनीतिको प्रक्रियाअनुसार सहमति लागि सम्बन्धित कार्यालयमा लेखि पठाउने | |
| ११ | विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव | १. विद्यालय स्तरीय यौगिक सर्वाङ्ग सुन्दर व्यामका लागि सत्य मिसन योग फाउन्डेसनसँग भएको सम्झौताअनुसार सम्पूर्ण कार्य सम्पन्न भएकोले सम्झौतामा उल्लेखित रकम उपलब्ध गराउने ।<br>२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९ माघ २० गतेको सरकारी खर्चमा मितव्ययीता कायम गरी सरकारको वित्त सन्तुलन कायम राख्न गरेको निर्देशनबमोजिम यस नगरपालिकाकाबाट विनियोजन भएका चालु प्रकृतिका कार्यक्रमहरू इन्धन, सवारी मर्मत, भ्रमण भत्ता, बैठक भत्ता, खाजा खर्च लगायतका सुविधा कटौती गर्ने । | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | ३. चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार **'बिरामी नवजात शिशु नि:शुल्क उपचार स्रोध भर्ना कार्यक्रम'** कार्यान्वयनका लागि चौरजहारी नगरपालिका अन्तर्गत शहीद स्मृति नगर अस्पताल र चौरजहारी अस्पताललाई जिम्मा दिने ।<br>४. चौरजहारी नगरपालिका १४ नं. वडा कार्यालयमा कार्यरत वडा सचिव श्री दिपलाल कवरले मालपोत वापतको रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा चौरजहारी नगरपालिका नगर कार्यपालिका कार्यालयको मिति २०७९ पुस २९ गतेको निर्णयानुसार गठित छानविन समितिले मिति २०७९ माघ ५ गते बुझाएको प्रतिवेदनअनुसार निजले आर्थिक हिनामिना गरेको ठहर भएकोले निजलाई निजामती ऐन, २०४९ को दफा ६१ (१) बमोजिम सेवाबाट हटाउने । | |

श्रेष्ठप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वार्डी
नगर प्रमुख

## मिति २०७९/१२/१४ गतेको १५ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो। साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ **'जनता आवास कार्यक्रमका लागि लाभग्राही छनोट गरी पठाउने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा पूर्वाधार विकास कार्यालय, रुकुम (पश्चिम) को आर्थिक वर्ष २०७९/८० को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार जनता आवास कार्यक्रममा आवद्ध गर्नका लागि वडा कार्यालयबाट प्राथमिकताको आधारमा छनोट गरी पठाएका **अनुसूची-१** मा उल्लेखित लाभग्राहीहरूको विवरण स्वीकृत गरी उक्त लाभग्राहीहरूको स्वीकृत विवरण जनता आवास कार्यक्रममा सहभागी गराइदिने भनि पूर्वाधार विकास कार्यालय, रुकुम (पश्चिम) मा लेखि पठाउने निर्णय गरियो।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ को **'आर्थिक वर्ष २०७९/०८० को साउनदेखि हालसम्मको आयव्यय सार्वजनिक गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमअनुसार विनियोजन भएका विभिन्न कार्यक्रमहरू कार्यान्वयनका लागि अनुसूची २ बमोजिम प्राप्त आम्दानी र खर्चको विवरण अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'मृगौला, प्रत्यारोपण, डायलाइसिस, क्यान्सर र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधी उपचार खर्च सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका अन्तर्गतका मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड, पक्षघातका बिरामीहरूलाई सोको कार्यविधिमा उल्लेख भएबमोजिम औषधी उपचार वापतको खर्च उपलब्ध

गराउन यस अघि निर्णय भइसकेकाहरूको निरन्तरता हुने गरी पुस महिनादेखि हालसम्म निवेदन पेसका गरेका **अनुसूची-२** मा उल्लेखित थप लाभग्राहीहरूको विवरण अनुसार कार्यविधिबमोजिम २०७९ चैत्र १ गतेदेखि लागू हुने गरी उपचार खर्च वापतको रकम शोधभर्ना हुने गरी प्रकोप व्यवस्थापन कोषको रकमबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ को **'साँस्कृतिक उत्सव मनाउने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका क्षेत्रभित्र रहेका कला संस्कृतिहरूको संरक्षण, सम्वर्धन र प्रवर्धन गर्न विभिन्न स्थानीय मौलिक नाचहरू प्रदर्शन गरी २०७९ चैत्र २४ को चौरजहारी नगरपालिका-६ ऐराकेमा सांस्कृतिक भव्यताका साथ उत्सव मनाउने निर्णय गरियो।

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ **'अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सुझाव छलफल गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आयोग तथा मातहतका कार्यालयहरूमा परेका स्थानीय तह (गाउँपालिका, नगरपालिका, प्रदेशसमेत) हरूले प्रयोग गरेका नीतिगत तथा कानूनी अधिकार, कार्यगत व्यवस्था तथा सञ्चालन भएका लक्षित कार्यक्रम (शिक्षा, स्वास्थ्य, क्षमता विकास), सार्वजनिक सेवा प्रवाह तथा पूर्वाधार विकास निर्माणका कार्यहरूसँग सम्बन्धित उजुरीहरूको छानविन, अनुसन्धान र तहकिकात गर्दा देखिएका विभिन्न सवालहरूलाई अध्ययन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिमको दिएका सुझावहरू अध्ययन गरी सोही सुझावको कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ **'अन्तरजातीय विवाह गर्ने जोडीलाई प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार चौरजहारी नगरपालिका क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्ने उमेर पुगेका जोडीहरूले अन्तरजातीय विवाह गरेमा रु. १ लाखसम्म प्रोत्साहन वापतको रकम उपलब्ध गराउने भनि बजेट विनियोजन भएकोले यस चौरजहारी नगरपालिका वडा नम्बर ३ निवासी सरोज बटाला र चौरजहारी नगरपालिका ७ बस्ने कमला परियारले अन्तरजातीय विवाह गरी प्रोत्साहन रकमका लागि कागजात पेस गरेबमोजिम निजहरूलाई रु. १ लाख प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो।

शेरप्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

पुष्प बिष्ट
नगर प्रमुख

**निर्णय नं. ९ :** प्रस्ताव नं. ९ **'कर्णाली प्रदेश स्तरीय फुटबल रङ्गशाला निर्माणका लागि जग्गा उपयोग सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका-२, रुकुम (पश्चिम) मा निर्माण हुने कर्णाली प्रदेश स्तरीय फुटबल रङ्गशाला निर्माणका लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ४ मा भएको सरकारी जग्गा उपयोग गर्न दिन सकिने व्यवस्थाबमोजिम तपसिलका सरकारी कार्यालयका नाममा रहेको जग्गा कर्णाली प्रदेश स्तरीय फुटबल रङ्गशाला निर्माण, सञ्चालन तथा उपयोगका लागि उक्त कार्यनीतिको प्रक्रियाअनुसार सहमति प्रदानका लागि सम्बन्धित कार्यालयमा लेखी पठाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | जग्गा धनी कार्यालयको नाम | जग्गा रहेको साविकको ठेगाना | जग्गा रहेको हालको ठेगाना | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समितिको कार्यालय रुकुम (पश्चिम) | विजयश्वरी-५, रुकुम | चौरजहारी नगरपालिका-२ रुकुम (पश्चिम) | १९७० | ७०९० वर्ग मी. | |
| २ | श्री शीतल माध्यमिक विद्यालय चौरजहारी | विजयश्वरी-५, रुकुम | चौरजहारी नगरपालिका-२ रुकुम (पश्चिम) | १९४७ | ११७९० वर्ग मी. | |
| | | | | १९६६ | १६५०० वर्ग मी. | ३२०४० वर्ग मी. मध्येबाट |
| ३ | राष्ट्रिय खेलुकद परिषद् | विजयश्वरी-५, रुकुम | चौरजहारी नगरपालिका-२, रुकुम (पश्चिम) | १९६९ | १००९० वर्ग मी. | |

**निर्णय नं. १० :** प्रस्ताव नं. १० **'सभाहल निर्माणका लागि जग्गा उपयोग र स्वामित्व सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका-२, रुकुम (पश्चिम) मा निर्माण हुने सभाहल निर्माणका लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ४ मा भएको सरकारी जग्गा उपयोग गर्न दिन सकिने व्यवस्थाबमोजिम तपसिलका सरकारी कार्यालयका नाममा रहेको जग्गा सभाहल निर्माण, सञ्चालन तथा उपयोग गर्न उक्त कार्यनीतिको प्रक्रियाअनुसार सहमति लागि सम्बन्धित कार्यालयमा लेखि पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.स. | जग्गा धनी कार्यालयको नाम | जग्गा रहेको साविकको ठेगाना | जग्गा रहेको हालको ठेगाना | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री आधारभूत विद्यालय विजयश्वरी (साविकको नाम श्री प्राथमिक विद्यालय चौरजहारी) | विजयश्वरी ५ रुकुम | चौरजहारी नगरपालिका २ रुकुम (पश्चिम) | ४४० | १८५५ | |
| २ | चौरजहारी नगरपालिका | विजयश्वरी-५ रुकुम | चौरजहारी नगरपालिका-२ रुकुम (पश्चिम) | | | |

**निर्णय नं. ११ :** प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा विद्यालय स्तरीय यौगिक सर्वाङ्ग सुन्दर व्यामका लागि सत्य मिसन योग फाउन्डेसनसँग भएको सम्झौताअनुसार सम्पूर्ण कार्य सम्पन्न भएकोले सम्झौतामा उल्लेखित रु. १ लाख रकम विविध कार्यक्रम खर्च निर्णयानुसार विभिन्न कार्यक्रम कर्णाली प्रदेश नगद अनुदान शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १२ :** प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९ माघ २० गतेको पत्रानुसार चालु आर्थिक वर्षमा राजश्व सङ्कलन कम हुँदा प्रदेश तथा स्थानीय तहको अनिवार्य दायित्त्वको व्यवस्थापन गर्न समेत समस्या भएकोले सरकारी खर्चमा मितव्ययीता कायम गरी सरकारको वित्त सन्तुलन कायम राख्न गरेको निर्देशनबमोजिम यस नगरपालिकाकाबाट विनियोजन भएका चालु प्रकृतिका कार्यक्रमहरू इन्धन, सवारी मर्मत, भ्रमण भत्ता, बैठक भत्ता, खाजा खर्च लगायतका सुविधा कटौती गर्ने निर्णय गरियो।

**निर्णय नं. १३ :** प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेट

तथा कार्यक्रम अनुसार **'बिरामी नवजात शिशु नि:शुल्क उपचार स्रोध भर्ना कार्यक्रम'** को लागि संघिय सरकार ससर्त अनुदानबाट प्राप्त रु. ५ लाख बजेट सञ्चालन गर्न सङ्घीय सरकारको मार्गदर्शनबाट चौरजहारी अस्पताललाई मात्र निर्दिष्ट गरिएकोमा चौरजहारी नगरपालिकाको भौगोलिक अवस्था तथा विरामीको चापलाई मध्यनजर गर्दै २८ दिनभित्रका नवजात शिशुको नि:शुल्क उपचार गरी उक्त बजेट कार्यान्वयनका लागि चौरजहारी नगरपालिका अन्तर्गत शहीद स्मृति नगर अस्पताल र चौरजहारी अस्पताललाई जिम्मा दिने निर्णय गरियो।

**निर्णय नं. १४ :** प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका-१४, रुकुम (पश्चिम) कि धनसरा पुनको मिति २०७९ पुस २१ गते र १४ नं. वडा कार्यालयको च.नं. ४९१ मिति २०७९ पुस २६ को उजुरीपत्रानुसार चौरजहारी नगरपालिका १४ नं. वडा कार्यालयमा कार्यरत वडा सचिव श्री दिपलाल कवरले मालपोत वापतको रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा चौरजहारी नगरपालिका नगर कार्यपालिका कार्यालयको मिति २०७९ पुस २९ गतेको निर्णयानुसार गठित छानविन समितिले मिति २०७९ माघ ५ गते बुझाएको प्रतिवेदनअनुसार विभिन्न सेवाग्राहीहरूबाट बुझिलिएको रकम र सो वापत् सेवाग्राहीलाई दिएको रसिदभन्दा बैङ्क दाखिला गरेको रकम कम देखिन आएकोले सार्वजनिक पदको दुरुपयोग गरी रु. ९२,२५२। (बयानब्बे हजार दुई सय बाउन्न) आर्थिक हिनामिना गरेको ठहर सहितको प्रतिवेदन पेस भएबमोजिम निजलाई यस कार्यालयबाट हिनामिना गरेको व्याजसहितको राजश्व रकम दाखिला र स्पष्टीकरण पेस गर्ने सम्बन्धी पत्राचार गरेकोमा निजले व्याजसहितको रकम बैङ्क दाखिला गरेता पनि राजश्व हिनामिना गर्ने कार्य प्रचलित कानुन, निजामती ऐन, २०४९ र निजामती नियमावली, २०५० विपरीत कार्य भएकोले पेस गरेको स्पष्टीकरण चित्त बुझ्दो नभएको तथा यसअघि निजलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. २०७६/०७७, च.नं. ७६ मिति २०७६ भाद्र १३ गतेको पत्रानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (ग) अनुसार अनुचित कार्य गरेकोले निजलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (क) अनुसार विभागीय कार्वाही गर्नु भनि लेखि आएबमोजिम विभागीय कार्वाही भएको र निजले पुन: निजामती ऐन र नियमावली तथा प्रचलित कानुन विपरीत हुने गरी राजश्व हिनामिना गरेकोले निजलाई निजामती ऐन, २०४९ को दफा ६१ (१) बमोजिम सेवाबाट हटाउने र निजको थप अनुसन्धान र कार्वाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका सम्बन्धित कार्यालयमा पत्र लेखि पठाउने निर्णय गरियो।

**यसरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

अनुसूची-१

(निर्णय नं. ३ सँग सम्बन्धित)

**आर्थिक वर्ष २०७९/०८० मा जनता आवास योजनाको लागि छनोट भएका लाभग्राहीहरूको विवरण**

| क्र.स. | नामथर | ठेगाना | प्राथमिकता क्रम |
|---|---|---|---|
| १ | चन्द्रा परियार | चौ.न.पा.- २ रुकुम, (पश्चिम ) | १ |
| २ | राजेश गिरी | चौ.न.पा. - १ रुकुम, (पश्चिम) | २ |
| ३ | मन बहादुर कामी | चौ.न.पा.- ३ रुकुम, (पश्चिम ) | ३ |
| ४ | तिलक गहतराज | चौ.न.पा.- १२ रुकुम, (पश्चिम ) | ४ |
| ५ | खड्क बहादुर कामी | चौ.न.पा. - १० रुकुम, ( पश्चिम ) | ५ |
| ६ | प्रेम बहादुर वि.क. | चौ.न.पा. - ५ रुकुम, (पश्चिम ) | ६ |
| ७ | जानकी खत्री | चौ.न.पा. - ४ रुकुम, (पश्चिम ) | ७ |
| ८ | कैलो वादी | चौ.न.पा. - ८ रुकुम, (पश्चिम) | ८ |
| ९ | केवली मल्ल | चौ.न.पा. - ९ ( रुकुम पश्चिम) | ९ |
| १० | दिपक वि.क. | चौ.न.पा. - ७, रुकुम, (पश्चिम) | १० |
| ११ | शशिराम वि.क. | चौ.न.पा. - ६ रुकुम, (पश्चिम ) | ११ |
| १२ | कुल बहादुर नेपाली | चौ.न.पा.- ११ रुकुम, (पश्चिम ) | १२ |
| १३ | पवित्रा वि.क. | चौ.न.पा.- १३ रुकुम, (पश्चिम ) | १३ |
| १४ | पदम परियार | चौ.न.पा. - १४ ( रुकुम पश्चिम ) | १४ |
| १५ | कमारो दमाई | चौ.न.पा. - ४ रुकुम, (पश्चिम ) | १५ |
| १६ | चन्द्रकला सुनार | चौ.न.पा.- ३ रुकुम, (पश्चिम ) | १६ |
| १७ | कुत्ता बादी | चौ.न.पा.- ३ रुकुम, (पश्चिम ) | १७ |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

अनुसूची-२

(निर्णय नं. ५ सँग सम्बन्धित)

गौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७९ अनुसार निबेदन पेश गरेका लाभग्राहीहरुको विवरण

| .नं. | लाभग्राहीको नामथर | राष्ट्रिय परिचय पत्र नं./नागरिकता प्रामाण पत्र नं./जन्म दर्ता प्रमाण पत्र नं. | स्थायी ठेगाना | लक्षित समूह | भुक्तानी शुरु हुने महिना | बैंक खाता नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रेमलाल शर्मा | ४९०(००६)/२३९८ | चौरजहारी न.पा. ७ | मेरुदण्ड पक्षघात | २०७९ फाल्गुन र चैत्र | ४३३०१०००००९५८११० | |
| २ | डन्नी जैसी | ३७३३/४६९ | चौरजहारी न.पा.१० | क्यान्सर रोग | २०७९ फाल्गुन स चैत्र | २९६०११०७४३१२१२००००००१ | |
| ३ | तेजलाल जैसी | १७१६/४६८ | चौरजहारी न.पा. १० | क्यान्सर रोग | २०७९ माघ, फाल्गुन र चैत्र | २९६०१००७४३१२९०००००००१ | |
| ४ | शशिली राना | ३०६४/१४४९ | चौरजहारी न.पा. १४ | क्यान्सर रोग | २०७९ चैत्र | २५६०१३०७४५४४१९००००००१ | |
| ५ | हुर्मती जैसी | २९५६/५३२ | चौरजहारी न.पा. १३ | क्यान्सर रोग | २०७९ चैत्र | ४३३०१००००६६०५०१० | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुण वादी
नगर प्रमुख